आ.व. २०७६/७७ को अठारौं बैठक

आज मिति २०७७ साल आषाढ ८ गते बिहान ०८ बजे राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन् ।

उपस्थिति

- अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।
- उपाध्यक्ष श्री जगदम्बाकुमारी चौधरी, राप्ती गाउँ कार्यपालिका ।
- सदस्य श्री टेकबहादुर कुमाल, राप्ती गाउँ कार्यपालिका ।
- सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।
- सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।
- सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।
- सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।
- सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।
- सदस्य सचिव श्री शोभाराम रिजाल, राप्ती गाउँ कार्यपालिका ।

आमन्त्रित

- श्री विश्वास वि.क., शाखा अधिकृत
- श्री विकास ज्ञवाली, अधिकृत
- श्री अशोक बेल्वासे, ईन्जिनियर
- श्री सुवास भट्टराई, कम्प्युटर अपरेटर
- श्री प्रदीप वैदिक , सव ईन्जिनियर
- श्री रेशमराज अधिकारी, स.ले.पा.
- श्री मनिषलाल चौधरी,अ.स.ईन्जिनियर
- श्री शिवलाल सुवेदी, कार्यालय सहयोगी
- श्री नारायण राउत

निर्णय नं १

आ.व. ०६६/०६८ को वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नको लागि स्रोत अनुमान तथा सिमा निर्धारण समितिले तोकेको बजेट सिलिङ भित्र रही बजेट तथा कार्यक्रम पेश गर्ने । वडा कार्यालयबाट आ.व. ०६६/०६७ मा सम्पन्न हुन नसकेका तथा नगरी नहुने प्रकृतिका योजना हरूलाई छुट्टै सूचि तयार गरी पेश गर्ने । त्यस्ता योजनाहरूको सम्बन्धमा आ.व. ०६६/०६८ को श्रावण मसान्त भित्र स्रोतको उपलब्धताको आधारमा टुंगो लगाई बजेट प्रणालीमा समावेश गर्ने ।

निर्णय नं २:

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको प्रदेश कानून बमोजिम सेवा सुविधा उपलब्ध गराउने। आ.व. ०६६/०६७ को हदमा पदाधिकारी सुविधा (पारिश्रमिक) शिर्षकबाट उपलब्ध भएको रकमलाई ~~[illegible]~~ अनुपातको आधारमा भुक्तानी गर्ने ।

निर्णय नं ३:

गाउँपालिका तथा वडा कार्यालय हरूमा रहेको प्राविधिक कर्मचारी (इन्जिनियरिङ, स्वा., अन्य सेवा) को दरबन्दी बमोजिम पूर्ति नभएको पदलाई भइरहेका करारका कर्मचारी हरूलाई आन्तरिक प्रतिस्पर्धा मार्फत करारमा पदपूर्ति गर्ने ।

निर्णय नं ४:

प्राविधिक शाखाबाट सिफारिस भई आएका योजना हरूको ठेक्का सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम म्याद थप गर्ने,

निर्णय नं ५: आ.व. ०६६/०६८ को नीति तथा कार्यक्रम र बजेट मिति ०६६/३/१० गते दिउसो ३:०० बजे गाउँसभामा प्रस्तुत गर्ने,